# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

मिति: २०८३/०७/१०

**दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) तह तेस्रो सेमेस्टरको शोध-प्रवन्धको अनलाइन (Online) फाराम भर्ने समयावधि थप गरिएको सम्बन्धी जरुरी सूचना !**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२४ का विद्यार्थीलाई तेस्रो सेमेस्टरको **शोध-प्रबन्ध**को निमित्त अनलाइन फाराम भर्ने म्याद २०८३ साल कार्तिक १० गतेसम्म मात्र कायम रहेकोमा निम्नानुसार हुने **गरी अनलाइन फाराम** भर्ने म्याद थप गरिएको सम्बन्धमा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८३ साल कार्तिक २६ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८३ साल कार्तिक २७ गतदेखि २९ गते राति १२:०० बजेसम्म ।
- **सम्बन्धित विभागले** डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०८३ साल कार्तिक २७ गतेभित्र र दोब्बर दस्तुरको हकमा कार्तिक ३० गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीको प्रवेश-पत्र मिति २०८३ साल कार्तिक २८ गतेदेखि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् ।

डा. चिरञ्जीवी आचार्य
सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np